बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड ६ संख्या १९ मिति २०७९ माघ ९,सोमबार

भाग २

बडीमालिका नगरपालिकाको मिति २०७९/०९/२९ गते नगरसभाबाट स्वीकृत भएको

बडीमालिका नगरपालिका

हानिकारक अभ्यास उन्मूलन नीति, २०७९

सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,

रणमल वि क

प्रमुख प्रशासकीय अधिकृत

# बडिमालिका नगरपालिका
## हानिकारक अभ्यास उन्मूलन नीति, २०७९

१. पृष्ठभूमि :

समाज मानिसका लागि पहिचानको आधार स्तम्भ हो । समय अनुसार समुदायलाई परिष्कृत गरी लैजानु पर्दछ । परापूर्वकालदेखि समाजमा चल्दै आएका चालचलन, रितिरिवाज तथा संस्कारहरू समय काल अनुसार केही भत्किन्छन्, केही परिमार्जित हुँदै जान्छन् । समाजमा चल्दै आएका यस्ता कार्य व्यवहार मा पहिलो पुस्ताका चालचलन तथा व्यवहार पछिल्लो पुस्ताका लागि अनुकरणीय पनि बन्ने गर्दछन् । पहिलो पुस्ता जसरी बाँच्यो त्यो नै पुस्ता त्यसरी बाँच्ने परिस्थिति समाज विकासको क्रममा देखिएको छ ।

अहिलेको समाज विकसित समाज हो । अहिलेको समाजमा मानिसको चेत निकै फराकिलो र खुला अनि प्रविधि केन्द्रित पनि रहेको छ । समाजलाई कसरी स्वस्थ, शान्त र विभेदरहित बनाउने भन्ने भार अहिलेका समाज संचालकमा रहेको छ, हामी सबैमा । जसको समाज अहिले जसरी चल्दै गइ रहेको छ, त्यसैले हाम्रो समाजमा केही नकारात्मक पक्षहरू पनि हावी हुँदै गई रहेका छन् । यसले समाज परिवर्तनको गतिलाई नकारात्मक प्रभाव पार्दै आईरहेको छ ।

समाज सकारात्मक पक्षतिर डोरिन नसक्नुको पछाडीको कारण केही पुराना चालचलन, रितिरिवाज र कुसंस्कार छन् भने केही समय अनुसार विकृतिका हानीकारक गतिविधि रोकिएका छन् । समाजलाई सकारात्मक ढंगले अगाडी बढाउने नयाँ पुस्ता यी व्यवहारको पहिचान गरि यसको निर्मूलीकरण गर्ने भविष्यको समाज झन् सभ्यतातर्फ उन्मुख हुने निश्चित छ ।

राज्यले समाजमा रहेका यस्ता व्यवहार कम गर्न तथा समाजमा हानिकारक कुराहरूलाई हटाउनका लागि विभिन्न कानुनहरू निर्माण गरेको छ । देशको मूल कानुनको रुपमा रहेको संविधानले समेत हानिकारक कुराहरूलाई हटाई सभ्य समाज निर्माणको आधार खडा गरि दिएको छ । यो बाहेक समेत हानिकारक अभ्यासहरू हटाउनका लागि समेत राज्यले अन्य विभिन्न कानुन बनाएको छ । नेपालको संविधानले मौलिक हकको व्यवस्था गर्दै नागरिकहरूका हक अधिकारको सुनिश्चित गरेको छ । संविधानको धारा १६ मा सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३० स्वच्छ वातावरणको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा ज्येष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । संविधानले दिएका यी अधिकारहरूलाई हेर्ने हो भने नागरिकले सम्मानपूर्वक बाँच्न पाउने अधिकारको भेदभाव रहित न्यायपूर्ण, समतामूलक समाज निर्माणको यी दस्तावेजमा राज्य सदैव प्रतिबद्ध छ ।

**१.१ समाजमा विद्यमान हानिकारक अभ्यासहरू :**

**(क) छाउपडी :** महिलाहरूको रजस्वला चक्रसँग सम्बन्धित रजस्वलाको क्रम शुरु हुनलाई छाउपडी भनिन्छ । हाम्रो समाजमा उक्त समयमा गर्नुपर्ने समयलाई महिलाको मासिक धर्म हुने काल पनि भनिन्छ ।

जस्तु गर्ने समाजको गलत आस्थाका कारण यसलाई नछुने समय भनेर पनि चिन्ने गरिन्छ । छाउपडीलाई सामान्यतया नेपाली समाजमा महिनावारी भनिन्छ ।

(२) **बालविवाह** : कानूनले निर्धारण गरे भन्दा कम उमेरमा विवाह गर्नुलाई बाल विवाह भनिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ (१) ले विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष निर्धारण गरि दिएको छ । बीस वर्ष नपुगी कसैले विवाह गर्नु गराउनु हुँदैन । यदि कसैले २० वर्ष उमेर नपुगी विवाह गरेमा उक्त विवाह कानूनी रुपमा दण्डनीय हुनुका साथै स्वतः बदर हुने कानूनी व्यवस्था गरेको छ ।

(३) **बहुविवाह** : विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नुलाई बहुविवाह भनिन्छ । घरमा एउटा स्वास्नी हुँदाहुँदै दोस्रो स्वास्नी ल्याउनुलाई कानूनी रुपमा कसूर मानिन्छ । यो विवाह गैरकानूनी हुनुका साथै यस्तो विवाह स्वतः बदर हुने गर्दछ । साथै घरमा स्वास्नी छ भन्ने कुरा थाहा हुँदाहुँदै त्यस्तो लोग्ने मानिससँग विवाह गर्ने महिलालाई समेत बहुविवाह कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने महिलालाई समेत कानूनी रुपमा सजाय हुने गर्दछ । बहुविवाह गरेमा एक वर्ष देखि पाँच वर्षसम्म कैद र दश हजार देखि पचास हजारसम्म जरिवाना हुने गर्दछ ।

(४) **घरेलु हिंसा** : घर परिवार भित्र वा घर परिवारसँग वा घरपरिवारसँग साइनो सम्बन्ध जोडिएका व्यक्ति बीच हुने हिंसाजन्य कार्यलाई घरेलु हिंसा भनिन्छ । यसलाई शारीरिक, मानसिक, आर्थिक र यौनजन्य गरि चार किसिमको यातना निर्धारित गरेको छ । यदि कुनै व्यक्तिलाई घरेलु हिंसा भएको अवस्थामा पीडितले नजिक प्रहरी कार्यालय, महिला आयोग, स्थानीय निकाय तह, अदालतमा समेत उजुरी दिन सकिने कानूनी व्यवस्था गरेको छ भने घरेलु हिंसाको कसूर गरेमा कसूरदारलाई गम्भीर कसूर गरेको भएमा प्रचलित कानून बमोजिम सजाय हुन्छ भने सामान्य घरेलु हिंसाको कसूरमा तीन हजार रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ ।

(५) **बालयौन दुर्व्यवहार** : कुनै पनि बालबालिका माथि यौनजन्य आशयले हुने दुर्व्यवहारलाई बाल यौनदुर्व्यवहार भनिन्छ । यस अन्तर्गत कसैले यौन आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धि निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धि आफ्नो अङ्ग निजलाई छुन वा समात्न लगाएमा वा निजसँग अन्य कुनै किसिमले यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने गर्दछ ।

(६) **जातिय छुवाछुत** : समाजमा बस्ने व्यक्तिहरु बीच ठूलो सानो, उच्च निच, जुठो चोखो भन्दै एक मान्छेले अर्को मान्छेलाई छुन नदिने वा कुनै स्थानमा सिद्दन, बस्न तथा प्रवेश गर्न रोक लगाउने कार्यलाई जातिय छुवाछुत संज्ञा दिएको छ । यो कार्य समेत अहिले कानूनी रुपमा दण्डनीय विषय हो । मान्छेले मान्छेलाई यस्तो व्यवहार गरि कहिल्यै सानो ठुलो ठान्नु हुँदैन । मुलुकी अपराध संहिता, २०७४ को दफा १६६ ले जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने र यस्तो व्यवहार गरेमा कानूनी रुपमा सजाय हुन सक्ने व्यवस्था गरेको छ ।

(७) **लिंगविभेदपूर्ण शिशु छनौट** : बच्चा आमाको पेटमा हुँदै छोरा हो वा छोरी भनी पहिचान गरेर आफूलाई अनावश्यक लागेको भ्रूणलाई हत्या (गर्भपतन) गराउनुलाई लिंगविभेदपूर्ण शिशु छनौटको रूपमा लिन सकिन्छ । भ्रूणमा नै गर्भ पतन गराउने कुरालाई कानूनले अवैध गरे पनि अहिले नेपाली समाजमा यो प्रचलन बढ्दो मात्रामा देखिएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ र १८९ ले गर्भपतन गर्न गराउन नहुने र कसैले यो जस्तो गरेमा कानूनी रूपमा दण्डनीय हुनुपर्ने व्यवस्था गरेको छ ।

**१.२ अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू :**

समाजमा देखिने हानिकारक प्रचलन विरुद्ध हामी मात्र होइन विश्व समुदाय नै चिन्तित छ । ती हानिकारक प्रचलनहरूलाई हटाउनका लागि अन्तर्राष्ट्रिय समुदाय समेतले हाम्रो प्रतिबद्धता जाहेर गरेका छन् ।

- सहस्राब्दी विकास लक्ष्य (MDG) ले समाजमा देखिएका कमजोरीहरूको पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची सन २०१५–२०३० मा हानिकारक प्रचलन अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरेको छ ।
- महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि (Convention on the Elimination of ALL Forms of Discrimination Against Women) १९७९ ।
- नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६ ।
- यातना विरुद्धको महासन्धि, १९८४ ।
- जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ । (Program of Action adopted at the International Conference on Population and Development, 1994) ।
- चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Deceleration and Platform for Action) ।
- सन् २०१३ मा कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिबद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिअङ्गछेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्ने प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

- बाल विवाह विरुद्धको प्रमुख कार्यक्रम आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एसियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरूमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५-२०१८)" Regional Action Plan to End Child Marriage in South Asia (2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र मार्फत बाल विवाह विरुद्धमा आफ्ना प्रयासहरू केन्द्रित गरेको छ ।
- यसका साथै उक्त रणनीतिलाई परिचालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक कार्यशाला गोष्ठी आयोजना गरी 'दक्षिण एसियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आह्वान' Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।
- बाल अधिकार महासन्धि (Child Rights Reservations)
- भ्रुण हत्या र एसिड आक्रमण सम्बन्धि कानुनी व्यवस्था (Legal Provision on Abortion and Acid act)।

## २. वर्तमान स्थिती :

नेपालको संविधान तथा अन्य कानूनहरूले समेत समाजमा विद्यमान हानिकारक अभ्यासहरूलाई रोक्न तथा यसको निराकरण गर्नका लागि कानुनी आधार निर्माण गरि दिएको छ । यी हानिकारक अभ्यासहरूलाई कानुनी उपचारको बाटो दिन अहिले विशेष गरि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, बाल विवाह विरुद्धको रणनीति, २०७२, घरेलु हिंसा र कसुर सजाय ऐन, २०६६, प्रथागत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि ऐन, २०७५, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ नभएतापनि अन्य कानून तथा निर्देशिकाहरूले हानिकारक अभ्यासहरूको न्यूनिकरणका लागि कानुनी आधार प्रदान गरेको छ ।

संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रका हैसियतले मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु नेपाल सरकारको अन्तर्राष्ट्रिय जवाफदेहिता पनि रहेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनको सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि CEDAW Committee (2018) ले नेपाल सरकारलाई सार्वजनिक क्षेत्रमा महिलाविरुद्ध हुने हिंसा र अपराध विभेद अन्त्य गर्ने नीति तर्जुमा गर्नुपर्ने, यौनजन्य हिंसाको मुद्दा दर्ताको हद म्याद बढाउनु पर्ने, महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र हानिकारक अभ्यासको पालना गर्ने दुर्व्यवहार विरुद्ध कानुनी जनचेतनाका लागि ठोस लक्ष्य, रणनीति विकास गर्नुपर्ने, न्यायमा पहुँच र कानुनी साक्षरताको औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको सामाजिक जानकारीलाई सुदृढ बनाउनु पर्ने, बाल विवाह बदर गर्ने कानुनी व्यवस्था ल्याउनु पर्ने सुरक्षा गर्नुपर्ने, बालविवाह उन्मूलन गर्नुपर्ने समेत सुझाव दिएको छ ।

यस पश्चिमाञ्चलका नगरपालिकामा छुवाछुत तथा छाउपडी प्रथा कुसंस्कारको रूपमा रहेको छ। यो भन्दा बाहेक बालविवाह, बहुविवाह, विभेदपूर्ण लिङ्ग छनौट तथा अन्य लैङ्गिक हिंसाका घटना समाजमा समस्याका रूपमा रहेकाछन्। यो नगरपालिका जिल्ला सदरमुकाम रहेको नगरपालिका भएको कारण यहाँ जिल्लाका प्रमुख सरकारी कार्यालय, संघसंस्था, निकायहरु रहेका छन्। जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, सुरक्षित आवास घर (सेफ हाउस), नगरपालिका स्तरीय न्यायिक समिति लगायतको उपस्थिति समेत यस नगर क्षेत्रमा बालविवाह, बहुविवाह, छाउपडी प्रथा, जातीय छुवाछुत, लैङ्गिक हिंसाका घटना दिन प्रतिदिन बढ्दै गएको अवस्था देख्न सकिन्छ। तर नगरपालिकामा नगरपालिकाको वडा नं. ३ र ६ वडा छाउपडी मुक्त वडाका रूपमा घोषणा गरिएको छ भने बाँकी अन्य वडाहरू घोषणाको तयारीमा रहेका छन्। यो सँगै वडा नं. ४, ५ र ६ बालविवाह मुक्त वडा घोषणा भइसकेका छन् भने बाँकी वडामा पनि बालविवाह विरुद्ध सचेतना विभिन्न कार्यक्रम भई रहेका छन्। यो सँगै हानिकारक अभ्यासका विरुद्ध विभिन्न चेतनामूलक कार्यक्रम समेत सञ्चालन भई रहेका छन्।

## २. नीतिको आवश्यकता :

अहिले हाम्रो समाजमा विद्यमान हानिकारक प्रचलन झन् अधिकता बढ्दै गई रहेको छ। समाजमा विद्यमान यी प्रचलनमा न्यूनीकरण गर्दै एउटा आदर्श समाज निर्माण गर्न एवं विद्यमान विसंगति विरुद्ध नीति, रणनीति र कार्यदिशा तयार गर्न एवं मुद्दाहरूको मार्गचित्र तयार पार्नु आजको समाजको लागि आवश्यकीय विषय हो। समाज सुधारको मार्गदर्शनलाई हामीलाई अगाडी बढाउन सके मात्र सहज बाटो बन्न सक्छ। यो संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माणका लागि विभेद अन्त्यको समाजका लागि निकै आवश्यक बनेको छ।

नेपालको संविधानले तीन तहको सङ्घीय सरकारको व्यवस्था गरेको छ। तिनमध्ये तहलाई नै देशको मूल कानूनमा रही आवश्यकीय अन्य कानून समेत निर्माण गर्न सक्ने अधिकार दिइएको छ। यो परिधिमा रही स्थानीय सरकारले नीति र रणनीतिहरू बनाउनुका साथै सोको कार्यान्वयन गर्न सक्ने व्यवस्था कानूनले गरेको छ। कानूनले दिएको यो अधिकारको उपभोग गर्दै समाजमा विद्यमान अशुद्धताहरूलाई हटाउन र समाजलाई नयाँ दिशामा रुपान्तरण गर्नका लागि स्थानीय सरकारले पनि निकै तदारुकताका साथ अगाडी बढ्नु पर्ने आवश्यकता देखिएको छ।

समाजमा पहिले देखि कुरीति, कुसंस्कार तथा हानिकारक अभ्यासको रूपमा देखिएका बालविवाह, बहुविवाह, विभेदपूर्ण लिङ्ग छनौट, छाउपडी प्रथा र छुवाछुत जस्ता कार्यहरूले समाज विकासलाई ठूलो प्रभाव पारेको छ। समाजका यी अशुद्धताहरूले हामी मान्छे मान्छे बीचको व्यवहारमा भिन्नता देखिएको छ। मान्छेले मान्छेलाई गर्ने व्यवहारमा परिवर्तन देखिएको छ। यति मात्र होइन यी कुराहरूले नै समाज व्यभिचारी, कुरूप र कुसंस्कारी बनेको छ। समाजमा जरा गाडेर बसेका यी रीति, चलन तथा व्यवहारले समाज रुपान्तरणमा समस्या सिर्जना गर्नुका साथै असल समाज

निर्माणमा ठूलो चुनौती नै थपेको छन् । समाजमा रहेका यी हानिकारक कुराहरूको निर्मूलिकरण गरी, मात्र न्यायिक समाज निर्माण हुन सक्दछ । समाजमा विद्यमान यी कुप्रथाहरूलाई चिर्न र सुधारलाई नयाँ गति प्रदान गर्नका लागि नीति निर्माणको ठूलो आवश्यकता देखिएको छ ।

देशको मूल कानूनले समतामूलक समाजको निर्माणका लागि विभेद र हिंसामूलक कुराहरूलाई रोक दिएको छ । हरेक प्रकारका हानिकारक अभ्यास भोलाउँदै अघि समाजमा सामाजिक न्याय सुनिश्चित हुन सक्दैन । यसले समाजलाई सकरात्मक बाटोमा भन्दा पनि नकारात्मकतामा धकाली बढाउने सम्भावना हुने गर्दछ । समाजलाई गतिशील, सभ्य, शान्त र सुन्दर बनाउनका लागि समाजमा वर्षौं देखि चल्दै आएका यी हानिकारक अभ्यासहरूलाई हटाउनु नै आजको प्रमुख आवश्यकता हो ।

## ४. समस्या तथा चुनौती

समाज विभिन्न धार्मिक, सांस्कृतिक, प्रथा तथा प्रचलन अनुसार चल्दै आएको छ । समाजमा यस्ता मान्यताहरूले निकै रूपमा नै जरा गाडेको हुन्छन् । समाज परिवर्तनको विभिन्न चरणहरूले यी कुराहरू हटाउनु पर्ने मान्यता राखे पनि विविध कारणले विकृतिहरू तत्काल हटाउन निकै कठिन हुने गर्दछ । राज्यले समाजका केही गलत मान्यता, कार्य, व्यवहार अथवा यस्ता हानिकारक कुराहरूलाई समय अनुसार परिवर्तित तथा परिमार्जित गर्दै जानु पर्ने आवश्यकता माथि जोड दिँदै आएको छ । विकृतिहरूलाई समाजबाट हटाउनका लागि विभिन्न कानूनको निर्माण गर्दछ तर पनि यी गलत अभ्यासहरू पूर्ण सक्दछन् । यो कार्य व्यवहारिक कानून निर्माणले मात्र हट्न सक्दैनन् । यहि विषय नै हो अहिलेको ठूलो समस्या तथा चुनौती ।

यो भन्दा हाम्रो समाज अहिले पनि चेतना अभावमा निकै पछाडी रहेको छ । समाजमा नागरिकहरू चेतना स्तरको कमीका कारण राज्यले निर्माण गरेको कानूनलाई भन्दा पनि संस्कार तथा प्रचलनलाई स्थान चल्दै आएका कार्य व्यवहारलाई बदल्न सक्दैनन् । बदल्नु पर्ने आवश्यकता पनि ठान्दैनन् । राज्यले यी कुराहरूलाई हटाउनु पर्ने मान्यताका साथ जस्ती कानुन निर्माण गरे पनि व्यक्तिको सोच, विचार र मान्यता यो विषय गलत हो, यी कुरालाई हटाउनु पर्छ भन्ने दृष्टिकोणको विकास निकै मात्रामा नहुँदा समाजमा यी हानिकारक अभ्यास भई नै रहन्छन् । यसैले पनि चेतना स्तरलाई नै माथिल्लो विकास गर्न जरुरी छ ।

प्रायः नेपाली समाज अहिले पनि आर्थिक तथा सामाजिक रूपमा निकै पछाडी रहेको छ । नागरिकहरूलाई दैनिक गुजारा गर्न विदेश धाउनु पर्ने तथा देशमा रोजगारीका अवसरहरू नभएकै कारण समाजमा धेरै व्यक्तिसँग रोजगार छैन, पनि हाम्रो समाज आर्थिक समस्यामा गुज्रँदै रहेको छ । लाभ गर्नलाई पुग्ने काम छैन भने उनले दैनिक गुजारा गर्ने तथा परिवार पालनाका लागि समेत केही न केही काम गर्नु पर्ने हुन जान्छ । समाजमा व्यक्तिले केही रहन न केही पाउनाले समेत विभिन्न अपराधक गरि रहेका हुन्छन् । व्यक्तिका यस्तै व्यवहारले कहिले काँही सोचमा समेत परिवर्तन आई दिन्छ र उनले समाजमा हानिकारक अभ्यास गर्ने ठाउँ दिन्छ ।

अहिलेको समाज प्रविधियुक्त समाज हो । प्रत्येक मानिस प्रविधिसँग जोडीएको छ । प्रत्येक मानिसको हातमा मोबाइल छ, धेरैको हातमा ल्यापटप तथा कम्प्युटर छ । ईमेल, ईन्टरनेटसँग जोडीएको छ । ती कुराहरुले मानिसलाई कसैलाई नजिक र टाढाको बनाएको छैन । सामाजिक सञ्जाल मार्फत जोडीएका छन् । टाढाको मानिससँग च्याटिङ, भिडियो कुराकानी मार्फत नजिक भेटी बनेको हुन्छ । प्रविधिले मानिसलाई धेरै कुरामा सजिलो त बनाएको छ तर गलत सोच तथा मानसिकता भएको व्यक्ति वा गलत कार्य व्यवहार गर्ने मानिसका लागि अहिलेको प्रविधि, सामाजिक सञ्जालहरुले समाजमा हानिकारक अभ्यास गर्न अझै सजिलो बनाई दिएको छ । यो कुरालाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा पनि ठुलो समस्या तथा चुनौती बनेको छ ।

## ५. लक्ष्य :

समाजका गलत कार्य व्यवहार, सोच तथा चिन्तन धारणालाई हटाउँदै रुपान्तरित समुन्नत समाज निर्माण गरि सामाजिक, आर्थिक, सास्कृति अवस्थामा सुधार गर्ने ।

## ६. उद्देश्य :

- समाजमा भएका हानिकारक अभ्यासहरु हटाउने ।
- समाजमा विद्यमान कुसंस्कार तथा कुरितीहरुलाई समय अनुकुल रुपान्तरण गर्ने ।

## ७. हानिकारक अभ्यास उन्मुलन नीति :

- हानिकार प्रचलनको अन्त्यका लागि कानुन निर्माण गर्ने र वर्तमान अवस्था अनुसार ती कानुनहरुमा संशोधन एवं परिमार्जन गर्ने ।
- नगरपालिकाको आवधिक, वार्षिक योजनाहरुमा अल्पकालीन एवं दिर्घकालीन कार्यक्रमहरु समावेश गर्ने ।
- नगरपालिकाको सेवा प्रवाह गर्ने सम्पन्न हानिकार प्रचलन न्यूनीकरण हुने गरी कार्यक्रम तय गरि सुधार गर्ने ।
- सरोकारवाला पक्षको संस्थागत एवं व्यक्तिगत क्षमता विकास गर्ने कार्यक्रमको निर्माण गरि कार्यान्वयन गर्ने ।
- नगर क्षेत्रमा विद्यमान हानिकारक प्रचलन र त्यसबाट सिर्जित सामाजिक एवं सांस्कृतिक समस्याहरुलाई कम गर्न विशेष कार्यक्रमहरु संञ्चालन गर्ने ।
- बाल विवाह, बहुविवाह, छाउपडी प्रथा, जातिय भेदभाव तथा छुवाछुत र [illegible] अन्त्यका लागि विशेष कार्यक्रमहरु तथा योजना निर्माण गर्ने ।

## ८. कार्यान्वयन रणनीति :

- नगरपालिका भित्र विद्यमान हानिकारक प्रचलन र त्यसबाट सिर्जित सामाजिक एवं सांस्कृतिक समस्याहरूलाई कम गर्न समुदायका अगुवा तथा जनप्रतिनिधिहरूको सहभागितामा सामुदायिक सचेतना कार्यक्रम संचालन गर्ने ।
- नगरपालिकाले विद्यमान हानिकारक प्रचलनका विरुद्ध सन्देशमूलक होर्डिङ बोर्ड बनाई नगरपालिकाको विभिन्न स्थानमा राख्ने ।
- हानिकारक प्रचलन अन्त्यका लागि विभिन्न तहका सरकार तथा सरोकारवाला संघसंस्था तथा निकाय र व्यक्तिसँग समन्वय एवम् सहकार्य गर्ने ।
- नगरपालिकाको आवधिक योजना, वार्षिक योजना तथा कार्यक्रममा हानिकारक प्रचलन विरुद्धका कार्यक्रमहरू प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- हानिकारक प्रचलन अन्त्य विरुद्ध सरकारी, गैर सरकारी, निजि क्षेत्र र नागरिक समाज को सहभागिता सुनिश्चित गर्ने ।
- हानिकारक प्रचलनहरूलाई प्रोत्साहित गर्ने एवंम् सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि नागरिक समाज, बालबालिका, किशोर किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनीतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।
- समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्यका लागि संचालित कार्यक्रमहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्यांकन गर्ने ।
- नेपाल सरकार तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्य का लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्ने क्षमतामा अभिवृद्धि गर्ने ।
- बाल विवाह, बहुविवाह, विभेदपूर्ण लिङ्ग छनौट, छाउपडी प्रथा, जातीय भेदभाव तथा छुवाछुत विरुद्ध नाटक, गीत, म्युजिक भिडियो, पोस्टर, पम्प्लेट जस्ता सामाग्री निर्माण गरी सोको विभिन्न मिडिया तथा सामाजिक सञ्जाल मार्फत प्रसारण गर्ने र गर्न लगाउने ।

६. नीति कार्यान्वयन योजना :

- नगरपालिकाको वार्षिक, आवधिक योजना तर्जुमा गर्दा हानिकारक प्रचलन अन्त्यका लागि कार्यक्रम र बजेटको अनिवार्य व्यवस्था गरिनेछ ।
- नगरपालिका स्तरमा योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा पछाडी परेका वा हानिकारक प्रचलन विद्यमान रहेका समुदायको आवश्यकता पहिचान गरी सोको निराकरणका लागि कार्य गर्ने ।
- नगरपालिकामा सम्पर्क बिन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत कार्यालय, अन्य साझेदार निकाय, संस्थाहरू संग समन्वय गरी हानिकारक प्रचलन अन्त्यका लागि कार्य गर्ने ।

- हानिकारक प्रचलन विद्यमान रहेका समुदायहरूको सशक्तिकरण गरि नगरपालिका क्षेत्रमा उनीहरूको सहभागिता र क्रियाशिलता बढाइनेछ ।
- नगरपालिका क्षेत्रमा विद्यमान रहेका हानिकारक प्रचलनका कारण समस्यामा परेका समुदायहरूलाई आधारभूत सेवा प्रदान गर्ने विशेष संयन्त्र निर्माण गरिनेछ ।
- सामाजिक कार्यक्रम एवम् योजना तर्जुमा र कार्यान्वयन गर्दा हानिकारक प्रचलन विद्यमान रहेका समुदायमा कार्य गर्ने प्रतिनिधि संस्थाहरूलाई अनिवार्य रूपमा संलग्न गराउन प्रोत्साहन गरिनेछ ।
- सामाजिक परिचालनका माध्यमबाट हानिकारक प्रचलन विद्यमान रहेका समुदायहरूको क्षमता विकास गर्ने कार्य अगाडी बढाइने छ ।
- हानिकारक प्रचलन अन्त्यका लागि नगरपालिका, वडा स्तरमा समिति निर्माण गरी समस्याको सम्बोधन गरिनेछ ।
- लक्षित वर्गलाई शीप, साधन र स्रोतको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।
- बालविवाह, बहुविवाह र छाउपडी प्रथा अन्त्य गर्ने नगरपालिकाले विशेष कार्यक्रम निर्माण गर्ने एवं कार्यान्वयन गर्ने ।
- नगरपालिका क्षेत्रमा छुवाछुत अन्त्यका लागि विशेष कार्यक्रम बनाई लागु गर्ने ।
- विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८ सम्म स्थानीय तहमा कार्यान्वयन सहजीकरण समिति मार्फत योजना बनाई कार्यान्वयन गरिने छ ।
- राज्यले बनाएको कानूनको बारेमा समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- सामाजिक सहभागिता, सक्रियता का लागि युवा, किशोरी सञ्जाल, एवम् स्थानिय सामुदायिक संस्थाहरूको सहभागितामा वृद्धि गर्ने ।
- सामाजिक उत्तरदायी कार्यक्रमको सञ्चालन गर्ने जस्तै समाजमा विद्यमान हानिकारक प्रचलनका घटना रहेको सार्वजनिक सुनवाईमा कार्यक्रम सञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रमा विद्यमान हानिकारक प्रचलन अन्त्यका लागि व्यवहार परिवर्तन गर्ने कार्यक्रम निर्माण गर्ने र सञ्चालन गर्ने ।
- स्थानिय स्तरमा रहेका एफएम रेडियोहरू र अन्य सामाजिक सञ्जालको बढी भन्दा बढी परिचालन एवं प्रचार गर्ने ।
- समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्य गर्ने व्यक्ति एवं संस्थाहरूलाई सम्मानित गर्ने कार्य गर्ने ।
- समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्य गर्न समुदाय, टोल, वडा र नगरपालिका मा विद्यमान हानिकारक प्रचलन मुक्त समुदाय, टोल वडा र नगरपालिका घोषणा अभियान कार्यक्रम बनाई लागु गर्ने ।

**१०. नीतिको कार्यान्वयन तथा अनुगमन समिति :**

नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा नगरपालिकाको सामाजिक विकास शाखा १ जना, कार्यपालिका सदस्य १ जना, पालिका स्तरको महिला समूह, दलित, आदिवासी, जनजाति, अपाङ्ग समूह, शैक्षिक, पत्रकार महासंघ, सामाजिक, धार्मिक व्यक्तित्व, स्थानीय सामाजिक कार्यकर्ताहरु, नागरिक समाज र सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी नीति कार्यान्वयन समितिको गठन गरिने छ ।

वडामा वडा अध्यक्षको संयोजकत्वमा महिला समूह, बाल समूह, दलित, आदिवासी, जनजाति, अपाङ्गता समूह, पत्रकार, शिक्षक र सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी नीति अनुगमन समिति गठन गरिने छ ।

यस नीतिको यस कार्यान्वयनका लागि नगरपालिकाको सामाजिक विकास शाखालाई सम्पर्क बिन्दुको रुपमा जिम्मेवार बनाइने छ । साथै सोही शाखा मार्फत योजना तर्जुमा एवं कार्यान्वयनको कार्यलाई अगाडि बढाइने छ ।

**अनुगमन समितिले प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु :**

- कुन समुदायमा कुन किसिमको हानिकारक प्रचलन छ सोको तथ्याङ्क संकलन गर्ने ।
- नीति निर्माण पश्चात गरिने कार्यक्रम पश्चात समुदायमा उक्त हानिकारक प्रचलनमा केही फरक पन देखिएको वा देखिएन भन्ने बारेमा उक्त प्रतिवेदनमा खुलाउनु पर्ने ।
- अनुगमनको ढाँचा तयार गर्ने ।
- यी समूहहरुले नीति अनुरुपका योजनाको अनुगमन गरी सार्वजनिक सुनुवाई गर्ने ।
- नगरपालिका र वडा स्तरका गरिएका कार्यक्रमको प्रगति प्रतिवेदन तयार गर्ने ।

## १९. नीतिको पुनरावलोकन :

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन प्रत्येक दुई वर्षमा नीतिमा पुनरावलोकन तथा परिमार्जन तथा सुधार गरिनेछ ।



CamScanner